परिर्वतनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २६८ पष्ठ ४ २०८३ साउन ०२ गते शनिबार 17 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## बर्दिबासमा फाइबर नेटवर्क विस्तार, ३१ CCTV क्यामेरा सञ्चालनमा

● मिथलेश सिंह । बर्दिवास

बर्दिबास नगरपालिकाले इलाका प्रहरी कार्यालय बर्दिबासको सहकार्यमा "सुरक्षित बर्दिबास, स्मार्ट बर्दिबास" अभियानअन्तर्गत फाइबर नेटवर्क विस्तार तथा CCTV निगरानी प्रणालीको औपचारिक उद्घाटन गरेको छ।





शुक्रबार आयोजित कार्यक्रममा सरकारी निकाय, राजनीतिक दल, उद्योगी - व्यवसायी तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा कृषि विकास बैंकका प्रमुख दीपक कार्कीले बर्दिबासलाई सुरक्षित र प्रविधिमैत्री बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको बताउँदै अभियानमा सहयोग गर्ने नगरपालिकासहित सम्पूर्ण संस्थाप्रति आभार व्यक्त गरे।

बर्दिबास उद्योग वाणिज्य संघका प्रतिनिधि दीपक कार्कीले फाइबर नेटवर्क र CCTV प्रणालीले नगरको सुरक्षा तथा डिजिटल पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

नेकपा (एमाले)का सन्त परियारले बर्दिबासको विकास राजनीतिक दल, स्थानीय सरकार र नागरिकबीचको सहकार्यको परिणाम भएको उल्लेख गर्दै अभियानमा सहयोग गर्ने सम्पूर्ण दाता, संघसंस्था तथा पूर्व डीएसपी विकास बमलाई धन्यवाद दिए।

इलाका प्रशासन कार्यालय बर्दिबासका प्रमुखले CCTV प्रणालीले अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणमा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरे। उनले अभियानमा सहयोग गर्ने संघसंस्था, व्यवसायी तथा उद्योग वाणिज्य संघप्रति आभार व्यक्त गरे।

बर्दिबास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले फाइबर नेटवर्क विस्तारले डिजिटल बर्दिबास निर्माणको आधार तयार गरेको उल्लेख गर्दै आगामी दिनमा नगरपालिकाका सेवाहरूलाई थप प्रविधिमैत्री बनाइने बताए।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख डीएसपी गुरु प्रसाद तिमल्सिनाले नगरपालिकाको समन्वय र सहयोगप्रति धन्यवाद व्यक्त गर्दै हाल बर्दिबास क्षेत्रमा जम्मा ३१ वटा CCTV क्यामेरा सञ्चालनमा रहेको जानकारी दिए। उनका अनुसार पूर्व-पश्चिम राजमार्गमा २, बीपी राजमार्गमा ४, औरही रोडमा ११, भित्री बजार क्षेत्रमा ५ तथा यसअघि जडान गरिएका ९ वटा क्यामेरा सञ्चालनमा छन्।

उनले आवश्यक स्थानमा थप CCTV क्यामेरा जडान गरिने जानकारी दिँदै आधुनिक प्रविधिको प्रयोगबाट नगरको सुरक्षा प्रणाली अझ प्रभावकारी बनाइने र यसका लागि सबै निकायसँग सहकार्यलाई निरन्तरता दिइने बताए।

कार्यक्रममा सहभागीहरूले फाइबर नेटवर्क विस्तार र CCTV निगरानी प्रणालीको सञ्चालनसँगै बर्दिबास सुरक्षित, व्यवस्थित तथा डिजिटल नगर निर्माणतर्फ महत्वपूर्ण कदम अघि बढेको बताएका छन्।

## मधेशमा ५७.९३ प्रतिशत धान रोपाइँ सम्पन्न



● टक नेपाल

मधेश प्रदेशमा असार मसान्तसम्म धान खेतीयोग्य जमिनको ५७.९३ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। कृषि विकास निर्देशनालय मधेश प्रदेशले सार्वजनिक गरेको तथ्याङ्कअनुसार असार ३२ गतेसम्म प्रदेशका आठवटै जिल्लामा तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये दुई लाख २१ हजार ५४६ हेक्टरमा धान रोपाइँ भएको हो।

सिरहामा सबैभन्दा बढी र महोत्तरीमा सबैभन्दा कम धान रोपाइँ भएको छ। सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमध्ये ८० प्रतिशत अर्थात् ४३ हजार ३०० हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ। त्यस्तै, महोत्तरीमा ४० हजार हेक्टबशरमध्ये ३९.५९ प्रतिशत अर्थात् १५ हजार ८३८ हेक्टर क्षेत्रमा मात्र रोपाइँ भएको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ।

सप्तरीमा ६८ हजार हेक्टरमध्ये ५० प्रतिशत अर्थात् ३४ हजार हेक्टरमा रोपाइँ सकिएको छ भने बारामा ४५ हजार १०० हेक्टरमध्ये ५५ प्रतिशत अर्थात् २४ हजार ८०५ हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये ५० प्रतिशत अर्थात् २१ हजार ८५० हेक्टर तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ६५ प्रतिशत अर्थात् ३५ हजार ५९ हेक्टर क्षेत्रमा धान रोपाइँ भएको छ।

यस्तै, रौतहटमा ३८ हजार ५०० हेक्टर मध्ये ५५ प्रतिशत अर्थात् २१ हजार १७५ हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ।

निर्देशनालयका अनुसार मधेस प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा प्रत्येक वर्ष धान खेती हुने गरेको छ।

निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले मनसुन सक्रिय भएसँगै मधेस प्रदेशमा धान रोपाइँले गति लिन थालेको बताउनुभयो। उहाँले आगामी केही दिन नियमित वर्षा भए धान रोपाइँ अझै बढ्ने जानकारी दिनुभयो।

उहाँका अनुसार पछिल्लो दुई साताको अवधिमा मात्रै ४३ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ। असार तेस्रो सातासम्म करिब १५ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ भएको थियो।

## जलेश्वर अस्पतालमा डायलासिस सेवा सुरु, मिर्गौला बिरामीलाई राहत

● टक नेपाल

महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालमा डायलासिस सेवा सञ्चालनमा आएपछि यस क्षेत्रका मिर्गौला बिरामी र उनीहरूका परिवारलाई राहत मिलेको छ। अस्पतालले गत चैत १८ गतेदेखि छवटा डायलासिस मेसिनमार्फत सेवा सुरु गरेको हो।

सम्सी गाउँपालिका-३ का शेख शकिल अख्तरका छोरा याकुव शकिलले सेवा सुरु हुनुअघि बुबाको डायलासिस गराउन हरेक दुई-तीन दिनमा करिब १५ किलोमिटर टाढा जनकपुर लैजानुपर्ने बाध्यता रहेको बताउनुभयो। उहाँका अनुसार स्थानीय स्तरमै सेवा उपलब्ध भएपछि उपचारमा सहजता आएको, समय र खर्च दुवैको बचत भएको छ।

याकुवले डायलासिस सेवा कार्यालय समयमा मात्र सञ्चालन हुँदा आकस्मिक अवस्थाका बिरामीलाई समस्या हुन सक्ने भएकाले २४सै घण्टा सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

जलेश्वर नगरपालिका-७ की अञ्जली कुमारीले पनि बुबा लालबाबु यादवको नियमित डायलासिसका लागि जनकपुर जानुपर्ने बाध्यता हटेको बताउँदै स्थानीय अस्पतालमै सेवा पाएपछि आर्थिक बोझ र हैरानी दुवै घटेको बताउनुभयो।

सोनमा गाउँपालिकाका नवीनकुमार मण्डलले आमा सुन्दरकला देवी मण्डलको डायलासिसका क्रममा रगत आवश्यक पर्ने भएकाले अस्पतालमै रक्त उपलब्ध गराउने व्यवस्था भए बिरामीका परिवारलाई थप सहज हुने धारणा राख्नुभयो।



प्रादेशिक अस्पताल जलेश्वरका डायलासिस शाखा प्रमुख विवेककुमार यादवका अनुसार अस्पतालमा रहेका छमध्ये पाँचवटा डायलासिस मेसिन नियमित सञ्चालनमा छन् भने एउटा आकस्मिक अवस्थाका लागि तयारी अवस्थामा राखिएको छ।

उहाँले जनशक्तिको अभावका कारण हाल कार्यालय समयमा मात्रै सेवा सञ्चालन गर्नुपर्ने अवस्था रहेको बताउँदै अहिले १२ जना बिरामीले नियमित रूपमा डायलासिस सेवा लिइरहेको जानकारी दिनुभयो।

स्थानीय स्तरमै डायलासिस सेवा सञ्चालन हुनु यस क्षेत्रको स्वास्थ्य सेवाका लागि महत्वपूर्ण उपलब्धि भएको भन्दै बिरामीका आफन्तले सेवा २४सै घण्टा सञ्चालन गर्ने तथा अस्पतालमै पर्याप्त रक्त उपलब्ध गराउने व्यवस्था मिलाउन सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

विज्ञापन गानुपेमा
९८६३३२१०१४
९८०८७८२११४



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सत्यको सङ्कट र हाम्रो जिम्मेवारी

आजको सूचना-प्रविधिको युगमा सत्यको खोज पहिलेभन्दा जटिल बनेको छ। सामाजिक सञ्जाल, राजनीतिक प्रचार, वैचारिक ध्रुवीकरण र सूचनाको तीव्र प्रवाहले एउटै घटनाका अनेक व्याख्या जन्माएका छन् । यही कारण आजको समयलाई 'पोस्ट-ट्रुथ' युग पनि भनिन्छ, जहाँ तथ्यभन्दा भावना र विश्वासले जनमत निर्माणमा बढी प्रभाव पार्न थालेका छन् ।

दार्शनिक परम्पराले सत्यलाई विभिन्न रूपमा व्याख्या गरेको छ। वैदिक चिन्तनले सत्यलाई शाश्वत नियम मानेको छ भने बुद्धले अनुभव र विवेकमा आधारित सत्यको पक्ष लिएका छन्। सुकरात, प्लेटो र अरस्तुले सत्यलाई तर्क, ज्ञान र यथार्थसँग जोडे। आधुनिक समाजमा भने सत्य केवल तथ्यको प्रश्न हो इन; शक्ति, सन्दर्भ, अनुभव र भाष्यसँग पनि जोडिएको छ । त्यसैले सत्ताको सत्य, पीडितको सत्य र समाजको सत्य फरक-फरक रूपमा प्रस्तुत हुने गरेका छन् ।

यद्यपि सत्य बहुआयामिक भए पनि सबै कुरा सापेक्ष हुँदैनन्। प्रमाण, अनुसन्धान र वस्तुगत तथ्यमा आधारित निष्कर्ष लोकतान्त्रिक समाजको आधार हुन्। जब अफवाह, भ्रम र भावनाले तथ्यलाई विस्थापित गर्छन्, तब सार्वजनिक विश्वास कमजोर हुन्छ र लोकतान्त्रिक संस्कृतिमा संकट उत्पन्न हुन्छ ।

आजको आवश्यकता सत्यमाथि आफ्नो दाबी स्थापित गर्नु होइन, सत्यको निष्पक्ष खोजी गर्नु हो । सञ्चारमाध्यमले तथ्यपरक पत्रकारितालाई प्राथमिकता दिनुपर्छ, राज्यले पारदर्शिता कायम गर्नुपर्छ र नागरिकले आलोचनात्मक सोच तथा स्रोतको विश्वसनीयता परीक्षण गर्ने बानी विकास गर्नुपर्छ। सत्यप्रति प्रतिबद्ध समाजले मात्र न्याय, उत्तरदायित्व र लोकतान्त्रिक मूल्यलाई बलियो बनाउन सक्छ। सत्यको रक्षा कुनै एक व्यक्ति वा संस्थाको दायित्व होइन; यो सम्पूर्ण समाजको साझा जिम्मेवारी हो ।




# जनमतद्वारा संगठन पुनर्जागरण महाअभियान घोषणा, ७० बुँदे कार्ययोजना सार्वजनिक

चन्दन रजक । काठमाडौं

जनमत पार्टीले संगठनलाई थप सुदृढ, अनुशासित, जनमुखी र परिणाममुखी बनाउने उद्देश्यसहित 'जनमत पुनर्जागरण महाअभियान (२०८३-२०८४)' घोषणा गर्दै ७० बुँदे कार्ययोजना सार्वजनिक गरेको छ ।




पार्टीको केन्द्रीय समितिको विस्तारित बैठकमा केन्द्रीय उपाध्यक्ष तथा संगठन विभाग प्रमुख डा. जयकान्त राउतले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदनमा संगठनको वर्तमान अवस्था, चुनौती, आत्मसमीक्षा तथा आगामी निर्वाचनलाई लक्षित कार्यदिशा समेटिएको छ ।

प्रतिवेदनमा जनमत पार्टीले छोटो अवधिमै राष्ट्रिय दलको मान्यता प्राप्त गर्दै मधेश केन्द्रित राजनीतिक शक्तिबाट राष्ट्रिय वैकल्पिक शक्तिका रूपमा आफ्नो उपस्थिति विस्तार गरेको उल्लेख गरिएको छ। स्वराज, सामाजिक न्याय, सुशासन, रोजगारी, आर्थिक विकास तथा जनसरोकारका मुद्दालाई प्राथमिकतामा राख्दै किसान, मजदुर, युवा तथा सीमान्तकृत समुदायका पक्षमा भूमिका निर्वाह गरेको दाबी पनि गरिएको छ ।

सदस्यता अभियान, वडा तथा पालिका अधिवेशन, बूथ संगठन विस्तार, नयाँ पुस्तालाई लक्षित कार्यक्रम तथा वैचारिक आधारमा अन्य राजनीतिक दलसँग एकताको प्रयासलाई निरन्तरता दिइएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले संगठनभित्र अनुशासन, कार्यसम्पादन मूल्याङ्कन र शुद्धीकरणलाई प्राथमिकतामा राखेको छ। पार्टी हितविपरीत गतिविधिमा संलग्नमाथि कारबाही, कार्यसम्पादनका आधारमा जिम्मेवारी निर्धारण, सामाजिक सञ्जालमा सक्रियताको मूल्याङ्कन तथा उत्तरदायित्वको संस्कृति विकास गरिने जनाइएको छ ।

कार्यकर्ताको वैचारिक तथा राजनीतिक क्षमता अभिवृद्धिका लागि देशव्यापी प्रशिक्षण, नेतृत्व विकास, युवा स्वयंसेवक परिचालन तथा सडक, सदन र सरकार तीनै तहमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने जनशक्ति निर्माणमा जोड दिइएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले स्पष्ट वैचारिक आधार, बलियो जनआधार, आन्दोलनबाट विकसित संगठन, युवा नेतृत्व र वैकल्पिक राजनीतिक छविलाई पार्टीका सबल पक्षका रूपमा उल्लेख गरेको छ। अनुशासनहीनता, गुटबन्दी, प्रचार-प्रसारमा कमजोरी, प्रशिक्षणको अभाव, आर्थिक स्रोत व्यवस्थापन, संस्थागत संरचनाको कमजोरी तथा भौगोलिक विस्तारका चुनौतीलाई भने संगठनका प्रमुख कमजोरीका रूपमा औंल्याइएको छ ।

डा. राउतले हालै सम्पन्न निर्वाचनको परिणामलाई पराजयका रूपमा नभई संगठनात्मक कमजोरीका रूपमा समीक्षा गर्नुपर्ने धारणा राख्नुभयो। विगतको तुलनामा पार्टीले बढी निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको, वडा समितिको संख्या वृद्धि भएको तथा संगठनात्मक आधार विस्तार भएको उल्लेख गर्दै आत्मसमीक्षा र पुनर्गठनमार्फत पार्टीलाई थप सशक्त बनाउन सकिने निष्कर्ष प्रतिवेदनले निकालेको छ ।

'**समीक्षाबाट सुधार, सुधारबाट पुनर्जागरण, पुनर्जागरणबाट विजय**' भन्ने नारासहित सञ्चालन हुने महाअभियानअन्तर्गत वैचारिक पुनर्जागरण, डिजिटल सदस्यता प्रणाली, संगठन पुनर्गठन, आचारसंहिता कार्यान्वयन, आर्थिक पारदर्शिता, नियमित संगठनात्मक अडिट, जनसम्पर्क अभियान, डिजिटल प्रचार-प्रसार, किसान तथा भ्रष्टाचारविरुद्ध आन्दोलन, आर्थिक आत्मनिर्भरता र २०८४ को निर्वाचन तयारीलगायत विषय समेटिएको ७० बुँदे कार्ययोजना सार्वजनिक गरिएको छ ।

प्रतिवेदनमा जनमत पार्टीलाई प्रभावकारी, अनुशासित, जनमुखी र परिणाममुखी संगठनका रूपमा विकास गर्दै देशको प्रमुख वैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित गर्न नेता-कार्यकर्तालाई एकताबद्ध भएर अघि बढ्न आह्वान गरिएको छ ।

# सामाजिक विकृति नियन्त्रण गर्न धनगढी टोलमा सामूहिक आचारसंहिता लागू

टक नेपाल

सामाजिक विकृति नियन्त्रण तथा शान्ति, अनुशासन र सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले रौतहटको वृन्दावन नगरपालिका-२ स्थित धनगढी टोलका बासिन्दाले सामूहिक आचारसंहिता लागू गरेका छन् ।



वडा अध्यक्ष सिकिन्द्र पटेलको पहलमा बसेको टोल भेलाले विवाह, धार्मिक अनुष्ठान तथा सार्वजनिक गतिविधिलाई मर्यादित र व्यवस्थित बनाउन विभिन्न सामाजिक नियम सर्वसम्मत रूपमा पारित गरेको हो । निर्णय साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको जनाइएको छ ।

आचारसंहिताअनुसार विवाहका क्रममा जन्तीको नाममा हुने हुलहुज्जत, अभद्र व्यवहार, झैंझगडा तथा सामाजिक वातावरण खलबल्याउने गतिविधिमा संलग्न व्यक्ति वा समूहलाई पाँच हजारदेखि ५० हजार रुपैयाँसम्म सामाजिक जरिवाना गरिनेछ। आवश्यक परे कानुनी प्रक्रिया पनि अघि बढाइने व्यवस्था गरिएको छ ।

भेलाले धार्मिक तथा सामाजिक कार्यक्रममा उच्च ध्वनि क्षमताका विद्युतीय बाजा (डिजे) प्रयोग गरी ध्वनि प्रदूषण गर्ने कार्यलाई पनि नियन्त्रण गर्ने निर्णय गरेको छ। समुदायलाई असर पुग्ने गरी ध्वनि प्रदूषण गराउने व्यक्ति वा समूहलाई सामाजिक कारबाहीसँगै जरिवाना गरिने जनाइएको छ ।

सार्वजनिक सरसफाइलाई पनि आचारसंहिताले प्राथमिकतामा राखेको छ। मुख्य चोक, गल्ली तथा भित्री सडक नियमित रूपमा सफा राख्ने तथा सार्वजनिक सडकमा गाई, भैंसीलगायत चौपाया बाँध्ने वा छाडा छोड्ने पशुधनीमाथि आवश्यक कारबाही र जरिवाना गरिने व्यवस्था गरिएको टोलका ज्येष्ठ नागरिक सरफलाल राउतले जानकारी दिनुभयो ।

उहाँका अनुसार विवाह तथा अन्य सामाजिक कार्यक्रममा बढ्दो तडकभडक, ध्वनि प्रदूषण, सार्वजनिक सडकको अव्यवस्थित प्रयोग र सरसफाइप्रतिको बेवास्ताका कारण समुदायमा असहज अवस्था सिर्जना हुँदै आएकाले सबैको सहमतिमा आचारसंहिता लागू गरिएको हो ।

भेलामा टोलको विकास, सामाजिक सद्भाव, सुरक्षा, अनुशासन र सार्वजनिक उत्तरदायित्वका विषयमा पनि छलफल भएको थियो। वडा अध्यक्ष पटेलका अनुसार टोलवासीको सामूहिक सहमति र हस्ताक्षरसहित पारित आचारसंहिता कार्यान्वयनमा ल्याइएको हो ।

स्थानीय सञ्चारकर्मी रुपेन्द्र पटेलले धनगढी टोलको पहललाई अनुकरणीय भन्दै यस्ता आचारसंहिता अन्य वडामा पनि लागू गर्न सके नगरलाई थप शान्त, स्वच्छ र अनुशासित बनाउन सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो ।




# बाघ, बाँदर र हात्ती

गोरखापत्र अनलाईन । विचार

> अनावश्यक रूपमा भावनात्मक मोह नदेखाउने हो भने बाघ र बाँदरका समस्याको केही न केही हल निस्केला तर हात्तीको समस्याको भने सहज निकास देखिँदैन। हात्तीको समस्या तिनको भ्रमणका बाटामा पर्ने खास खास ठाउँका लागि हो। विद्युतीय घेरबारले केही हदसम्म समस्यालाई कम गर्न सक्छ। हात्तीका लागि भ्रमण मार्ग छाडिदिन सके राम्रो हुने हो तर मानवबस्ती उठाएर हात्तीलाई ठाउँ दिन सम्भव देखिँदैन।



डा. मीनराज ढकाल



प्रकृति संरक्षणका क्षेत्रमा देखिएका समस्यामध्ये सबैभन्दा ठुलो समस्या मानव-वन्यजन्तु द्वन्द्वको व्यवस्थापन हो । संरक्षणका क्षेत्रमा नेपालले राम्रै सफलता हासिल गरेको छ तर समस्याबाट मुक्त भने देखिँदैन । नेपालमा मानिससितका द्वन्द्वका हिसाबले वन्यजन्तुमा पनि बाघ, चितुवासमेत, बाँदर र हात्ती बढी नै समस्यामूलक बन्दै गएका छन् । गएको चुनावमा भोट माग्न जानेलाई कसैले हात्तीबाट बचाइदेऊ भने, कसैले बाँदर धपाइदेऊ भने । बाघपीडित त चुनाव बहिष्कार गर्नसम्म तम्सिए । यसले समस्याको गम्भीरतालाई इङ्गित गर्छ । द्वन्द्वसम्बन्धी समाचार सञ्चार माध्यममा आइरहनु र प्रतिनिधि सभामा समेत चर्चामा आउनुले पनि समस्या बढ्दै गइरहेको देखाउँछ । द्वन्द्व व्यवस्थापनका हालसम्मका प्रयासले खासै सफलता हासिल गरेको देखिँदैन ।

संरक्षण क्षेत्र र मानव बस्तीबिचको द्वन्द्व संरक्षणविद् र नीतिनिर्माता दुवैका लागि ठुलै चुनौतीको विषय बनेको छ । वन्यजन्तुले आफ्नो सीमा नाघेर संरक्षण क्षेत्रबाहिर मध्यवर्ती क्षेत्र र अझ त्यसभन्दा पर गाउँबस्तीमा पसेर विध्वंस मच्चाउन थालेका छन् । बालीनाली ध्वस्त पार्ने, घरटहरा भत्काइदिने मात्र होइन बाघ, चितुवा जस्ता हिंस्रक जनावरले त मानवीय क्षतिसमेत पुऱ्याउने गरेका छन् । सामुदायिक वनको अभ्यासले नेपालमा राम्रै सफलता हासिल गरेको छ । यसले बोटबिरुवाको प्रवर्धन र सदुपयोगमा जोड दिए पनि जङ्गल बढ्दै गएपछि स्वाभाविक रूपले हुने जनावरको प्रवेश र तिनको व्यवस्थापनमा ध्यान पुऱ्याएको देखिँदैन । हाल आएर सामुदायिक वनमा बढ्दै गएका चितुवा, बँदेल र बाँदर जस्ता जनावर पनि समस्यामूलक बन्दै गएका छन् । मानव र उसका सिर्जनालाई वन्यजन्तुको प्रकोपबाट जोगाउने उपायको खोजी गर्नु तत्कालीन आवश्यकता बनेको छ । वन्यजन्तुको संरक्षणलाई जति महत्व दिइर ाखिएको छ, त्यत्तिकै महत्वका साथ मानव, उसका घरबस्ती र बालीनालीको समेत संरक्षण गर्नुपर्ने अवस्था आएको छ ।

वन्यजन्तुले गरेको विनाशका लागि क्षतिपूर्ति दिने सामान्य अभ्यास रहेको छ । किसानको वर्षभरिको कमाइ जङ्गली जनावरले विनाश गरेको बेला सामान्य आर्थिक सहयोग अल्पकालीन राहत मात्र हुन्छ, दिगो समाधान होइन । आवश्यक खाद्यान्नसमेत आयात गर्ने मुलुकले आफ्नो उत्पादन जङ्गली जनावरलाई मास्न छाडिदिएर उत्पादक किसानलाई क्षतिपूर्ति दिएर समाधान खोज्नु खाद्य सुरक्षाका दृष्टिले पनि उचित मान्न सकिँदैन । वन्यजन्तुबाट जब मानव नै हताहत हुन पुग्छ, त्यसबेला दिइने सामान्य आर्थिक सहयोगले ठुलो अर्थ राख्दैन ।

संरक्षणकर्मीले प्रायः सचेतना र सहअस्तित्वमा जोड दिन्छन् । संरक्षणका कार्यमा देखिने सहज जनसहभागिता र सहयोगले नै जनसमुदाय संरक्षणको महत्वप्रति सचेत छ भन्ने जनाउँछ । आफ्ना आधारभूत आवश्यकताका लागि संरक्षण क्षेत्रमा प्रवेश गर्ने मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि जङ्गली जनावरका बानीबेहोरासम्बन्धी ज्ञान उपयोगी हुन्छ । परन्तु संरक्षण क्षेत्रभित्र मानवका प्रवेशले भन्दा पनि जङ्गली जनावर संरक्षित क्षेत्रबाट आफ्नो सीमा नाघेर मानवबस्तीमा प्रवेश गर्नाले समस्या बढेको देखिन्छ । यस्तो अवस्थामा संरक्षणको महत्वसम्बन्धी सचेतना र सहअस्तित्वका उपदेशले सकारात्मक भूमिका खेल्न सक्दैनन् । अहिले रसायनको प्रयोग गरेर बाघ भगाउने एउटा नयाँ परीक्षण भइरहेको छ । प्रयोग सफल भयो भने यसले केही समयका लागि र ाहत अवश्य पुऱ्याउँछ, परन्तु दीर्घकालीन समाधान देला न देला भन्न सकिँदैन । एउटा क्षेत्रमा बाघको सङ्ख्या बढेर गयो र आहाराको कमी भयो भने बाघले परिवारबाट छुट्टिएर आफ्ना लागि नयाँ क्षेत्र ओगट्नतिर लाग्छ । सहजतापूर्वक नयाँ क्षेत्र उपलब्ध नभएमा यसले अर्को बाघको क्षेत्रमा आक्रमण गर्न सक्छ । यस्तो अवस्थामा रासायनिक घेरा तोडेर गाउँबस्तीमा पनि प्रवेश गर्ने सम्भावना रहन्छ ।

एउटा संरक्षण क्षेत्रमा बाघको सङ्ख्यामा अत्यधिक वृद्धि भयो भने केही बाघलाई बाघ नभएको वा सङ्ख्या कम भएको अर्को क्षेत्रमा स्थानान्तरण गर्ने गरिन्छ । यसले पनि दीर्घकालीन समाधान भने दिन सक्दैन किनभने समयक्रममा नयाँ ठाउँमा पनि बाघको सङ्ख्या बढेर जान्छ । त्यहाँ पनि तिनै समस्या देखा पर्छन्, जुन समस्या पुरानो ठाउँमा देखिएका थिए । जुन हिसाबको बाघको समस्या अहिले देखिएको छ, त्यसको समाधान भनेको सङ्ख्या व्यवस्थापन मात्र हो भन्ने देखिन्छ । नेपालले हौसिएर अन्तर्राष्ट्रिय मञ्चमा बाघको सङ्ख्या दोब्बर बढाउने कबुल गऱ्यो र तदनुरूप सङ्ख्या बढायो पनि । यसबाट मुलुकले विश्वस्तरमा राम्रै प्रशंसा पनि पायो । परन्तु बाघको सङ्ख्या बढेर संरक्षण क्षेत्रको धान्ने क्षमताभन्दा बढी हुन पुग्यो र मानवीय समस्या पैदा भयो । बाघको प्राकृतिक वा वातावरणीय मूल्य र महत्त्व जति सुकै भए पनि संरक्षित क्षेत्रले धान्न सक्ने क्षमताभन्दा बढी सङ्ख्यामा बाघ पाल्नु समस्यामूलक नै हुन्छ ।

अहिले समस्या पैदा गर्ने केही बाघ र चितुवालाई नियन्त्रणमा लिएर अलग्गै पाल्ने गरिएको छ । तिनका लागि आहाराको प्रबन्ध गर्न पनि धौधौ परिरहेको बुझिन्छ । यस्तो अवस्थामा समस्यामूलक देखिएका बाघ, चितुवालाई सिकार आरक्षमा स्थानान्तरण गर्नु उपयुक्त देखिन्छ । वैज्ञानिक दृष्टिले संरक्षण क्षेत्रले धान्न सक्ने सङ्ख्या निर्धारण गरी त्यसभन्दा बढी सङ्ख्यामा रहेका बाघलाई समेत सिकार आरक्षमा स्थानान्तरण गर्नुलाई नै समस्याको दीर्घकालीन समाधानको उत्तम विकल्प मान्न सकिन्छ । आखिर कतै न कतै गएर वन्यजन्तुप्रतिको भावनात्मक मोह र बढ्दो मानव जनसङ्ख्याको आर्थिक आवश्यकताबिच सन्तुलन कायम गर्नुपर्ने हुन्छ ।

यतिखेर बाघलाई उछिनेर बाँदरको समस्या बढी नै चर्चामा आएको छ । मानवमाथि हिंसा नगर्ने भएकाले बाघभन्दा सरल देखिए पनि बाँदरको समस्या बाघको भन्दा फरक र अझ जटिल देखिन्छ । वनजङ्गलको संरक्षण, सामुदायिक वनको विकास, पहाडका गाउँमा मानिसको जनसङ्ख्या घटेर जानु, खेती गरिने जमिन बाँझो रहेर झाडी बन्नु यस्तै विविध कारणले बाँदरको सङ्ख्या बढेर गएको ठानिएको छ । समस्या कति गम्भीर छ भने कतिपय परिवार बाँदरकै पिरलोले गाउँघर छाडेर हिँड्नु परेका खबर आइरहन्छन् । समस्याले उग्र रूप लिएपछि विभिन्न माध्यमबाट समाधानका विविध सुझाव आइरहेका पनि छन् । वनजङ्गलमा वन्यजन्तुका आहारा हुने बिरुवाको वृद्धि र खेतीबारीमा जनावरले नोक्सान नपुऱ्याउने बाली लगाएर केही मात्रामा प्रकोप घटाउन सकिने देखिन्छ ।

कतै कतै अन्नबालीको सट्टा रबर जस्ता बिरुवाको खेती गर्न थालिएको पाइन्छ । यसो गर्दा एकातिर आवश्यक अन्नबालीको कमी हुन सक्छ भने अर्कातिर बाँदरले क्षेत्र बदलेर बाली लगाएको नयाँ ठाउँतिर सरेर दुःख दिन्छन् । बाँदर लखेट्ने प्राचीनकालदेखिकै अभ्यास हो । एक पटक लखिटिएका बाँदर केही दिनमै फर्केर आएर दुःख दिइरहन्छन् । बाँदर जस्तो ठुलो हुलमा रहने जनावरका लागि नस्लबन्दी वा स्थानान्तरण जस्ता उपाय अपनाउन लगभग असम्भव नै हुन्छ । धेरै ठुला समस्या भएका ठाउँमा बाँदरलाई मारेरै भए पनि समस्या सुल्झाउनु पर्छ भन्ने सुझाव पनि आएका छन् । ठुलो हुलबाट केही बाँदर मारिदिने हो भने अरू बाँदर निरुत्साहित बनेर भाग्छन् । यस्तो विषयमा पशु अधिकारकर्मीबाट विरोध आउने छ ।

तैपनि समस्याले उग्र रूप लिएका अवस्थामा केही न केही उपाय त अपनाउनै पर्ने हुन्छ । केही मुलुकको अभ्यास हेरेर कतिपय मानिसले बाँदरलाई अन्य मुलुकमा निकासी गर्ने सुझाव दिएका छन् । हामीले सोच्नुपर्ने हुन्छ के बाँदरलाई वनपैदावारका रूपमा लिन र तदनुरूप उपयोग गर्न सकिन्छ ? यस्तो सम्भव भएमा यो नै समस्याको उपयुक्त समाधान बन्न सक्छ ।

अनावश्यक रूपमा भावनात्मक मोह नदेखाउने हो भने बाघ र बाँदरका समस्याको केही न केही हल निस्केला तर हात्तीको समस्याको भने सहज निकास देखिँदैन । हात्तीको समस्या तिनको भ्रमणका बाटामा पर्ने खास खास ठाउँका लागि हो । विद्युतीय घेरबारले केही हदसम्म समस्यालाई कम गर्न सक्छ । हात्तीका लागि भ्रमण मार्ग छाडिदिन सके राम्रो हुने हो तर मानवबस्ती उठाएर हात्तीलाई ठाउँ दिन सम्भव देखिँदैन । हात्तीको ठुलो समस्या देखिएको झापाको निश्चित क्षेत्र हो । यतातिर भारतको आसामबाट हात्ती आउने गर्छन् । यसलाई चाहेर पनि रोक्न सकिँदैन । कतिपय ठाउँका हात्तीका समस्या आकस्मिक दुर्घटना जस्ता हुन्छन् । यस्तो अवस्थामा हात्तीको प्रकोप भएका खास क्षेत्रका मानिसले जनावरका बानीबेहोराको जानकारी राख्ने र सहअस्तित्वका उपायको खोजी गर्नुपर्ने हुन्छ । बाघ र बाँदरको जस्तो हात्तीको सङ्ख्या बढेर गएको छैन । समस्या सीमित छ र जहाँ छ त्यहींका लागि छ ।

बर्दिबास मिडिया
अड्डा अदालत लेखापढी, कानून व्यवसायी सम्बन्धी सम्पूर्ण काम यहाँ गरिन्छ ।
यहाँ कनुनी परामर्श दिनुको साथै फोटोकापी, अनलाईन फारम तथा साईबर सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.: ९८६३३२१०१४, ९८०७८२१०१४, ९८०१६७३२५६

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# पीडितमैत्री न्याय प्रणाली विकास गर्न सरोकारवालाको जोड



• टक नेपाल

पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न पीडितमैत्री न्याय प्रणालीको विकास, प्रभावकारी समन्वय र कानुनको निष्पक्ष कार्यान्वयन आवश्यक रहेको सरोकारवालाले बताएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश कार्यालय र आफन्त नेपाल धनुषाको संयुक्त आयोजना तथा न्यायाधीश समाज नेपालको सहकार्यमा बिहीबार जनकपुरधाममा आयोजित 'पीडितको न्यायमा पहुँच' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले न्याय प्रणालीलाई थप पीडितमैत्री बनाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत जनकपुरधामका मुख्य न्यायाधीश टेकनारायण कुँवरले पीडितको न्यायमा पहुँच सुनिश्चित गर्नु लोकतान्त्रिक न्याय प्रणालीको आधार भएको बताउनुभयो । महिला, बालबालिका तथा अन्य जोखिममा रहेका समूह हिंसा र विभेदबाट बढी प्रभावित हुने भएकाले उनीहरूको अधिकार संरक्षण र न्यायमा सहज पहुँच सुनिश्चित गर्न राज्य तथा सम्बन्धित निकाय थप जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो ।

उहाँले पीडितमैत्री न्याय प्रणाली, निष्पक्ष अनुसन्धान, प्रभावकारी अभियोजन र छिटोछरितो न्याय सम्पादनमार्फत मात्रै पीडितले वास्तविक न्यायको अनुभूति गर्न सक्ने बताउँदै अपराध पीडितको अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डबारे पनि प्रस्तुतीकरण गर्नुभयो ।

जिल्ला अदालत धनुषाकी न्यायाधीश दुर्गा खड्काले न्यायिक प्रक्रियामा पारदर्शिता, समन्वय र विश्वसनीय प्रमाणले न्यायमा जनविश्वास बढाउने बताउनुभयो। तथ्य र कानुनी आधारका निष्पक्ष मूल्याङ्कनबाट मात्र न्याय सम्पादन सम्भव हुने उहाँको धारणा थियो ।

मुख्य न्यायाधिवक्ता डा. सुनिल रञ्जन सिंहले निःशुल्क कानुनी सहायता उपलब्ध गराउने प्रक्रियामा समेत अनियमितताका गुनासा आउने गरेको उल्लेख गर्दै त्यसतर्फ सचेतना र प्रभावकारी निगरानी आवश्यक रहेको बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख इन्द्रदेव यादवले मिटरब्याज, वैदेशिक रोजगारीका नाममा हुने ठगी, सहकारी बचत फिर्ता नपाउने समस्या तथा जग्गा-सम्पत्तिसम्बन्धी विवादका उजुरी ठूलो संख्यामा आउने गरेको जानकारी दिँदै सम्बन्धित निकायमा समयमै उजुरी दिए न्याय प्राप्तिको प्रक्रिया प्रभावकारी हुने बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख प्रेमप्रसाद लुइँटेलले स्थानीय तहबाटै समाधान हुन सक्ने विवादसमेत जिल्ला प्रशासनसम्म आउने गरेको उल्लेख गर्दै स्थानीय न्यायिक संयन्त्रलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण सहनीले आर्थिक अवस्था, कानुनी जानकारीको अभाव र प्रक्रियागत जटिलताका कारण धेरै पीडित न्यायमा समयमै पहुँच स्थापित गर्न नसकिरहेको बताउनुभयो। आयोगले पीडितको अधिकार संरक्षण र न्यायमा पहुँचका लागि निरन्तर काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

महिला मानव अधिकार रक्षक सञ्जाल मधेश प्रदेशकी संयोजक तथा अधिवक्ता रेखा झाले अनुसन्धानदेखि फैसला कार्यान्वयनसम्मका प्रत्येक चरणबारे पीडितलाई नियमित सूचना पाउने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका अध्यक्ष तथा इन्सेक मधेश प्रदेश संयोजक राजु पासवानले मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन, अभिलेखीकरण, पैरवी तथा पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न इन्सेकले निरन्तर काम गर्दै आएको बताउनुभयो। आफन्त नेपाल धनुषाकी संयोजक अमृता घिमिरेले सीमा निगरानी, सुरक्षित आवास, मनोसामाजिक परामर्श, कानुनी सहायता र पुनःस्थापनामार्फत पीडितलाई न्यायको पहुँचमा पुऱ्याउने प्रयास भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, मानव अधिकारकर्मी, हिंसापीडित र उनीहरूका परिवारको सहभागिता रहेको थियो ।

# शौचालयको भेन्टिलेसन फोडेर फरार थुनुवा डेढ घण्टामै पक्राउ




• टक नेपाल

रौतहट, जिल्ला अदालत रौतहटको शौचालयको भेन्टिलेसन फोडेर फरार भएका एक थुनुवालाई प्रहरीले करिब डेढ घण्टामै पुनः पक्राउ गरेको छ ।

पक्राउ पर्ने गढीमाई नगरपालिका-६ निवासी २५ वर्षीय करणकुमार यादव मोटरसाइकल चोरी मुद्दाका अभियुक्त हुन्। अनुसन्धानका लागि न्यायिक हिरासतको अनुमति लिन प्रहरीले उनलाई शुक्रबार जिल्ला अदालत, गौरमा उपस्थित गराएको थियो ।

अदालत परिसरमा रहेका बेला यादवले शौचालय जान अनुमति मागेका थिए। प्रहरीको निगरानीमै शौचालय प्रवेश गरेका उनले भेन्टिलेसन फोडेर बाहिर निस्किएपछि अपराह्न करिब ४ बजे फरार भएका थिए ।

घटनालगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटले जिल्लाभरका प्रहरी युनिट परिचालन गर्दै तीव्र खोजी अभियान सञ्चालन गरेको थियो। खोजीका क्रममा फरार यादवलाई यमुनामाई गाउँपालिका अन्तर्गत गौर-चन्द्रपुर सडकखण्डको बम नहर क्षेत्रबाट करिब डेढ घण्टापछि पुनः नियन्त्रणमा लिन प्रहरी सफल भएको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालका अनुसार थुनुवालाई अदालत लैजाने जिम्मेवारीमा रहेका प्रहरी जवानको भूमिकाबारे पनि छानबिन सुरु गरिएको छ । अनुसन्धानबाट लापरबाही पुष्टि भए आवश्यक विभागीय कारबाही गरिने उनले बताए ।

अदालत परिसरजस्तो संवेदनशील स्थानबाट थुनुवा फरार हुनुले सुरक्षा व्यवस्थामाथि प्रश्न उठाएको छ। यद्यपि, छोटो समयमै फरार थुनुवालाई पुनः पक्राउ गर्न सफल भएकाले घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# साउन १५ मा मधेश सरकार पुनर्संरचना, मन्त्रालय संख्या ९ हुने



• टक नेपाल

मधेश प्रदेशमा साउन १५ गतेदेखि मन्त्रालयको संख्या घटाइने भएको छ । सत्ता साझेदार दलहरूबीच भएको सहमतिअनुसार हालको मन्त्रिपरिषद् पुनर्गठन गरी मुख्यमन्त्रीसहित मन्त्रालयको संख्या ९ मा सीमित गरिने तयारी गरिएको हो ।

सहमतिअनुसार नेपाली कांग्रेस र नेकपा (एमाले) ले तीन-तीन तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले दुई मन्त्रालय पाउनेछन्। हाल भने तीनै दलको भागमा चार-चार मन्त्रालय छन् ।

नेपाली कांग्रेस निकट स्रोतका अनुसार मुख्यमन्त्रीबाहेक कांग्रेसका सबै मन्त्री परिवर्तन गरिनेछन्। संसदीय दलमा यसअघि नै एक आर्थिक वर्षको बजेट कार्यान्वयनसम्म मात्रै मन्त्री रहने सहमति भएको बताइएको छ ।

कांग्रेसबाट स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका नागेन्द्र साहले करिब एक महिनाअघि मात्रै जिम्मेवारी सम्हालेका थिए । उनी जंगीलाल यादवलाई हटाएर मन्त्री नियुक्त भएका हुन्। स्रोतका अनुसार चालु आर्थिक वर्षको बजेट निर्माणमा सहभागी भइसकेकाले पूर्वसहमतिअनुसार साह पनि मन्त्रीबाट बाहिरिने सम्भावना छ ।

कांग्रेसभित्र नयाँ मन्त्री छनोट भने सहज नहुने देखिएको छ। पार्टीको आन्तरिक समीकरणका कारण मुख्यमन्त्रीलाई मन्त्री चयनमा चुनौती पर्ने कांग्रेसका एक नेताले बताए। उनका अनुसार पार्टी सभापति गगन थापाको समर्थन मुख्यमन्त्रीको पक्षमा नरहेकाले मन्त्री छनोटमा फरक समीकरण देखिन सक्छ ।

मधेश प्रदेशमा कांग्रेसका पूर्व सहमहामन्त्री महेन्द्र यादव निकट सर्वाधिक छ जना प्रदेशसभा सदस्य रहेको बताइन्छ । त्यसैले मन्त्री छनोटमा उनको प्रभाव रहने आकलन गरिएको छ। यद्यपि नयाँ मन्त्रीको नामबारे औपचारिक छलफल भने सुरु भएको छैन ।

स्रोतका अनुसार यसपटक मन्त्री बन्ने सम्भावित नयाँ अनुहारमध्ये पुरुषभन्दा महिला सांसदको संख्या बढी छ। समानुपातिकतर्फका सांसदलाई पनि प्राथमिकता दिने सम्भावना रहेको बताइएको छ ।

उता एमालेले भने आफ्नो कोटाबाट एक जना मन्त्री मात्र हटाउने तयारी गरेको छ। मन्त्रालयको संख्या घटेपछि एक मन्त्रालय स्वतः कटौती हुने भएकाले कार्यसम्पादनलाई आधार बनाएर निर्णय गरिने एमाले संसदीय दलका नेता सरोजकुमार यादवले बताए ।

"मन्त्रालयको संख्या घट्ने भएपछि एमालेबाट एक जना मन्त्री हटाउनै पर्ने अवस्था छ। त्यसका लागि कार्यसम्पादनलाई आधार बनाइनेछ," उनले भने ।

एमालेले हालै नियुक्त भएका मन्त्रीलाई काम गर्ने अवसर दिने पक्षमा रहेको जनाएको छ ।

त्यसैगरी नेकपाको भागमा अब दुई मन्त्रालय मात्र रहने भएकाले हालका दुई मन्त्री पदमुक्त हुनेछन् । अर्थमन्त्री तथा नेकपा संसदीय दलका नेता युवराज भट्टराईले गठबन्धन गठनकै बेला कांग्रेस र एमालेलाई तीन-तीन तथा नेकपालाई दुई मन्त्रालय दिने सहमति भएको स्मरण गराउँदै अहिले त्यसैको कार्यान्वयन हुन लागेको बताए ।

उनका अनुसार सरकारमा को रहने र को बाहिरिने भन्ने विषयमा अन्तिम निर्णय हुन बाँकी छ। पार्टीका केन्द्रीय संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' साउन ४ गते स्वदेश फर्किएपछि मन्त्री हेरफेरबारे छलफल हुने उनले बताए ।

यसअघि मधेश प्रदेशको चालु आर्थिक वर्षको बजेटमा विपक्षी दलहरूले व्यापक त्रुटि रहेको आरोप लगाएपछि सुझाव संकलनका लागि समिति गठन गरिएको थियो। समितिका सुझावलाई बजेटको अंग बनाउँदै प्रदेशसभाले बजेट सर्वसम्मत रूपमा पारित गरेको थियो ।

राष्ट्रिय तहमा कांग्रेस-एमाले सम्बन्धबारे देखिएको राजनीतिक उतारचढावका कारण मधेश प्रदेश सरकारको गठबन्धनसमेत प्रभावित हुन सक्ने चर्चा चलेको थियो ।

तर सत्ता साझेदार तीनै दलका प्रदेश नेताहरूले अन्य प्रदेशको राजनीतिक अभ्यास मधेशमा लागू नगर्न केन्द्रलाई सुझाव दिएका थिए । त्यसपछि मन्त्रालय पुनर्संरचनाको प्रक्रिया अघि बढाइएको हो।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

साइव अपाधबाट जोगिआं !!!
कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।
- बलियो पासवड ाखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।
ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।
आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित राखां ।
बटेश्व गाउँपालिका,
धनुषा, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014